# नगर कार्यपालिकाको कार्यालय

मलंगवा, सर्लाही

मधेश प्रदेश, नेपाल

प. सं. : २०८२/०८३

च. नं. : २६६५

मिति: २०८३/०२/०४

## करारमा सेवा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित २०८३/०२/०४**

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ। कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्वेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराईएको छ। वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन रहेको छ । यस कार्यक्रम अन्तर्गत सर्लाही जिल्ला मलंगवा नगरपालिकामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सुचना प्रवाह गर्न तथा वैदेशिक रोजगारसंग सम्बन्धित मुद्दामा सहयोग तथा सहजीकरण, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि सचेतीकरण कार्यक्रम सञ्चालन गर्न मनोसामाजिक परामर्श सेवा प्रदान गर्नका लागि निम्न अनुसारको जनशक्तिको आवश्यकता रहेको हुनाले योग्य अनुभवी नेपाली नागरिकबाट तल उल्लेखित पदका लागि ३० दिनभित्र दरखास्त आव्हन गरिएको छ ।

**तपसिल**

विज्ञापन नं. १/०८२/०८३

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | १ (एक) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाज शास्त्र/सोसियल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको र पोष्ट ग्रेजुएट डिप्लोमा इनकाउन्सेलिङ्ग उतीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान भएको (Word, Excel, Powerpoint) मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्नेछ ।<br>• नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने । |

| | | | |
|---|---|---|---|
| | | | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम प्राप्त गरी सो केन्द्रवाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको । |

विज्ञापन नं. २/०८२/०८३

| | | | |
|---|---|---|---|
| २ | रिटर्नी स्वयंसेवक | १ (एक) | • न्युन्तम कक्षा आठ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेशियामा गई कम्तीमा एक वर्ष काम गरेको अनुभव भएको ।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>• नेपाली भाषा जानेको र स्थानीय हुनुपर्नेछ । |

- **कार्य अवधि : सुरक्षित आप्रवासन (सामी)** कार्यक्रम (चौथो चरण) संचालन मार्गदर्शन,२०८१ अनुसार ।
- **परीक्षाको किसिम :** लिखित, अन्तर्वार्ता र प्रयोगात्मक/सीपपरिक्षण ।
- **तलब तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।
- **आवेदन दस्तुर :** वि.नं. १ लाई रु. ६००/-, वि.नं.२, लाई रु. २५०/-
- **आवश्यक कागजातहरु :** माथी उल्लखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तीमा पनि दुईजना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नं. सहितको व्यक्तिगत विवरण (Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको दुई प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित यस पालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।
- **छनौट प्रक्रिया :** प्रारम्भिक छनौटमा परेका उम्मेदवारलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक/सीप परिक्षण परीक्षामा समावेश गरिनेछ ।
- **दरखास्त दिने अन्तिम मिति :** मिति २०८३/०३/०३ गतेको दिन कार्यालय समयभित्र बुझाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलीपल्ट कार्यालय समयभित्र निवेदन बुझाउनु पर्नेछ ।
- **पाठ्यक्रम :** मलंगवा नगरपालिकाको वेवसाइट : www.malangwamun.gov.np मा हर्न सकिनेछ

**नोट :** अन्य जानकारीको लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

..............................

सलिम मिकरानी

पदपूर्ति समिति सदस्य सचिव